# स्थानिय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०७ संख्याः ०६ मितिः२०८१/०६/१५

**भाग-०२**

## भानु नगरपालिका

नेपालको संबिधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

**पशुपंछी तथा मत्स्य विकास शाखा वाट संञ्चालन गर्ने कार्यक्रमको कार्यविधि, २०८१**

**प्रमाणिकरण मिति : २०८१/०६/१३**

**प्रस्तावना :**

भानु नगरपालिका पशुपंछी तथा मत्स्या विकास शाखाको आ.व.२०८१/२०८२ को स्वीकृत बार्षिक कार्यक्रमहरु संचालन गर्दा वास्तविक कृषक/समुहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी कृषि/पशु सेवा पेशालाई व्यवसाय उन्मुख र प्रतिस्पर्धी बनाई कृषि/पशु सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न टेवा पुगोस भन्ने उद्धेश्यले भानु नगरपालिकाको पशु सेवा शाखा द्धारा यो कार्यविधि लागु गरिएको छ ।

# परिच्छेद : १
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

१.१ यो कार्यविधिको नाम पशुपंछी तथा मत्स्य विकास शाखावाट संचालन गर्ने कार्यक्रमको कार्यविधि-२०८१ रहेको छ ।

१.२ यो कार्यविधि भानु नगरकार्यपालिको आर्थिक विकास समितिबाट पेश भएपछी कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि भानु नगरपालिका भर प्रारम्भ हुनेछ ।

१.३ परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कृषक भन्नाले पशु विकास शाखा बाट प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र रितपूर्वकको निवेदन दर्ता गरी पशु वस्तु वा सेवा माग गर्ने व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्दछ ।

ख) कृषक समूह भन्नाले साविक जिल्ला पशु सेवा कार्यालय हाल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा भानु नगरपालिकाको पशुपंछी तथा मत्स्य विकास शाखामा नियम अनुसार दर्ता भई नविकरण भईरहेको कृषक समुहलाई जनाउँछ ।

ग) फार्म भन्नाले पशु सेवा तथा उत्पादनमा कार्यक्रम संचालन गर्ने उद्धेश्यले पर्यटन तथा घरेलु उद्योग कार्यालय,वडा कार्यालयमा वा पशु विकास सम्बन्धि निकायमा नियम अनुसार दर्ता भएका फार्मलाई सम्झनु पर्दछ ।

घ) सहकारी संस्था भन्नाले साविक डिभिजन सहकारी कार्यालय, भानु नगरपालिकाको सहकारी ऐन २०७४ अनुसार दर्ता भएका कृषि सहकारी संस्थाहरुलाई संम्झनु पर्दछ ।

ङ) कृषि पेशा भन्नाले मुख्य रुपमा कृषि/पशुजन्य उत्पादन कार्यमा संलग्न पेशालाई जनाउनेछ ।

च) पशु सेवा कार्यक्रम भन्नाले पशुपंछी तथा मत्स्य विकास शाखाको लागि भानु नगर परिषदबाट स्वीकृत कार्यक्रम/कियाकलापलाई जनाउनेछ ।

छ) जुनोटिक रोग भन्नाले मानिसबाट पशु र पशुबाट मानिसमा सर्ने रोग बारे जनाँउदछ ।

ज) पशु सेवा शाखा वा पशु विकास शाखा भन्नाले पशुपंछी तथा मत्स्य विकास लाई जनाँउनेछ ।

झ) Prescription भन्नाले रगत, पिसाब, र्‍याल, छाला, पिप, गोबर परिक्षण पश्चात वा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी कृषकलाई औषधी वितरण गर्ने पत्र सम्झनु पर्दछ ।

ञ)पशु भन्नाले गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुकुर, खरायो, बिरालो तथा माछा र घरपालुवा पशुपंक्षी आदि लाई संम्झनु पर्दछ ।

ट) विभाग भन्नाले पशु सेवा विभाग लाई जनाँउनेछ ।

ठ) पशु सेवा केन्द्र भन्नाले पशु सेवा गर्ने इकाई लाई जनाँउनेछ ।

ड) ठेला गाडा भन्नाले व्यावसयिक रुपमा पशुपन्छि पालन गर्दै आएका किसानलाई मल र दाना ओसार पोसार (व्यवस्थापन)जनाँउनेछ ।

ढ) माछा पोखरी निर्माण वा मर्मत भन्नाले माछा पालन गर्नको लागी नयाँ पोखरी निर्माण गर्ने वा भत्किएको पोखरीलाई पुन: निमार्ण गरिएको लाई जनाँउनेछ ।
ण) ब्रसकटर भन्नाले व्यवसायिक रुपमा पशुपालन गर्दा घाँस लाई काट्न प्रयोग हुने फलाम बाट बनेको मेशिनलाई जनाँउदछ ।
त) घाँस भन्नाले पशुवस्तु लाई खुवाउन प्रयोग गरिने पौष्टिक युक्त हरियो आहारा लाई जनाउँछ।

# परिच्छेद : २
# सञ्चालन हुने कार्यक्रम/क्रियाकलापहरु

यस कार्यविधिमा पशु सेवा कार्यक्रम भन्नाले निम्न क्रियाकलापहरुलाई जनाउनेछ ।

## १.दुध उत्पादनमा अनुदान कार्यक्रम (प्रति लिटर ५ रुपैयाँ)

### १.१ कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको उद्देश्यहरु निम्नअनुसार हुनेछन ।

१.१.१ स्वच्छ तथा गुणस्तरिय दुध तथा दुधजन्य उत्पादनको प्रशोधन बिक्री वितरण तथा उपल्ब्धता सुनिश्चितता गर्न सघाँउने छ ।

१.१.२ दुध उत्पादन व्यवसाय सँग आवद्धता प्रदान गर्दै दुध तथा दुध जन्य उत्पादनमा व्यवसायिकरण गर्ने ।

१.१.३ दुध उत्पादक कृषकलाई उत्साह पुर्वक प्रोत्साहान गरि उत्पादन तथा उत्पादकत्वमा वृद्दि गर्ने ।

१.१.४ सहकारीसँग समन्वय गरि सोही मार्फत दुध उत्पादनको बजारीकरण गर्नको लागी कृषकलाई चेतनाको अभिवृद्दि गर्ने ।

### १.२ छनौट समिति :

देहाय अनुसारको पदाधिकारी रहने गरी प्रस्तावना छनौट समिति गठन गरिने छ ।

- संयोजक – आर्थिक विकास समितिको संयोजक - १ जना
- सदस्य – आर्थिक विकास समितिको सदस्यहरु - ३ जना
- सदस्य – प्र.प्र.अ.वा निजले तोकेको एक अधिकृत- १ जना

- सदस्य – पशु शाखाका प्राविधिक- २ जना
- सदस्य – कृषि शाखा प्रमुख वा निजले तोकेको एक प्राविधिक- १ जना
- स.सचिव – पशु शाखा प्रमुख- १ जना

## १.३ कार्यक्रम छनौटका आधारहरु

प्रस्तावित कार्यक्रमका लागी योग्यता पुगेका प्रस्तावकहरुको हकमा सूचना प्रकाशन भए अगावै प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता, स्थाई लेखा नं. प्राप्त गरेको गत आ.व. को लेखापरिक्षण साथै कुनै कारवाहीमा नपरेको हुनुपर्छ।

## १.४ कार्यक्रम संचालन प्रक्रिया

१. भानु नगरपालिकाको पशु सेवा शाखाले अनुसुचि १ वमोजिमको दरखास्त आह्वान गर्ने छ।

२. प्राप्त भएका निवेदन उपर सम्बन्धित सेवा केन्द्र वा पशु सेवा शाखाले फिल्ड अनुगमन गरे पश्चात छनौट समितिमा प्रतिवेदन पेश गर्नुपर्ने छ।

३. पशु सेवा शाखा र छनौट समितिले पेश गरेका विवरण र प्रतिवेदनको आधारमा छनौट गर्नुपर्ने छ।

४.छनौट भएका दुग्ध सहकारी संस्थालाई भानु नगरपालिकाले दुध उत्पादनको प्रति लिटर ५ रुपैयाँको दरले अनुदान रकम उपल्ब्ध गराउने छ।

५. नगरपालिकाले छनौट भएको दुग्ध सहकारी संस्थासंग एक पटक सम्झौता गरी चौमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा अनुदान रकम प्रदान गर्नेछ।

## १.५ सेवा संचालन प्रक्रिया

यस कार्यक्रम बमोजिमको सेवा संचालन गर्ने प्रक्रिया देहाय बमोजिम हुने छ।

१. भानु नगरपालिमा पशु विकास शाखा र छनौट भएका दुध उत्पादन सहकारी बिच अनुसुची २ अनुसार सम्भौता गरिनेछ।

२. सम्झौता गरेको दुग्ध सहकारी संस्थाले तोकिएको बमोजिमको कागजात पेश गरे पश्चात मात्र चौमासिक वा अर्धवार्षिक वा वार्षिक भुक्तानी रुपमा अनुदान रकम उपलव्ध गराइनेछ।

३. अघिल्लो चौमासिकमा प्राप्त गरेको अनुदान रकम कृषकले बुझेको भरपाई नगरपालिकामा बुझाए पछी मात्र रकम प्रदान गरिनेछ ।

४. अनुदान प्राप्त गर्न छनौट भएका दुग्ध सहकारीलाई भानु नगरपालिकाले बैकं चेक मार्फत खातामा रकम भुक्तानी गर्नुपर्ने छ ।
५.अनुदान रकमको भुक्तानी कार्यविधि वा सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ ।

## २. चिस्यान केन्द्रलाई ५०% साझेदारी अनुदान कार्यक्रम

२.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

१) स्वच्छ, स्वस्थ्य र गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थहरु उपलव्ध गराउन सहयोग गर्ने ।
२) दूध तथा दुध जन्य व्यवसाय प्रवर्द्धन गर्ने ।
३) दूध चिस्यान केन्द्रको स्तर उन्नती गरी सफा स्वच्छ र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थहरु उपलब्ध गराउने ।
४) गुणस्तरीय एवं प्रशोधित दूध उत्पादन गरी विक्री वितरण गर्ने ।

### २.२ साझेदारी सम्वन्धी व्यवस्थाः

१)कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम र वजेट बमोजिम सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गर्नको लागि साझेदार संस्थाहरुसंग सहकार्य गर्न गराउन सक्नेछ ।
२) साझेदारमा दूध चिस्यान केन्द्र सुधारको लागि मेशिनरी यन्त्र उपकरण खरिद जस्तै चिलिङ्ग भ्याट, थ्रि फेजको लाईन वा जेनेरेटर व्याक अप, मिल्क एनालाईजर, क्रिम सेपेरेटर आदि र भौतिक संरचना हरु जस्तै आवाश्यक भवन निर्माण ट्वाइलेट आदि जस्ता पूर्वाधारहरुमा खर्च गर्न सकिने छ तर कुल लागतको साझेदार संस्थाले कम्तिमा ५०प्रतिशत सहकार्य स्वयमले गर्नुपर्ने छ । मेसिन तथा उपकरण खरिद गर्दा मेसिनको स्फेसिफिकेसन तथा क्षमता र भैतिक संरचना निर्माण गर्दा ईन्जिनियरको लागत स्टमेट प्रस्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
३) साझेदार संस्थालाई कार्य सम्पादन आर्थिक बिकास समितिको अनुगमन पश्चात कार्यालयले स्वीकृत गरेको कार्यक्रम अनुसारको अनुदान रकम उपलव्ध गराउने छ ।
४) अधिकतम साझेदारी रकमको जुनसुकै सिमा तोकिएको भए पनि वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम संचालन गर्न वाधा पर्ने छैन।
५) पूँजिगत साझेदारी सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना गर्न अधिकतम ५० प्रतिशत सम्म रकम उपलव्ध गराउन सकिने र बाँकी ५० प्रतिशत रकम सम्वन्धित साझेदार संस्थाले आफ्नो आन्तरीक स्रोतवाट वहन गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने छ ।

६) सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम अर्न्तगत वा मातहतका कार्यालयहरुवाट विगत ३ वर्ष भित्र अनुदान लिईसकेको साझेदारहरुलाई उही व्यवसायको लागि छनौट गरिने छैन ।
७) एक पटक अनुदान प्राप्त गरेका व्यवसाय कम्तिमा ५ वर्ष सम्म संचालन गर्नुपर्ने छ ।
८) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई कारवाही गरि सरकारी बाँकी सरह असुल उपर गरिने छ साथै पुर्ण अनुदान बाट बन्चित गरिनेछ।

## २.३ प्रस्ताव आव्हान र पेश गर्ने विधिः

१) कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरि कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गरिनेछ ।यस्तो सूचना राष्ट्रिय दैनिक पत्रिका, स्थानीय तहको सूचना पाटी, सेवा केन्द्र, सेवा कार्यालय, वडा कार्यालयको सूचना पाटीमा र वेवसाईटमा समेत प्रकाशित गर्नुपर्ने छ ।
२) ईच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र प्रस्ताव पत्र, संक्षिप्त व्यवसायिक कार्य योजना, लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र, सम्वन्धित सेवा केन्द्र र शाखको सिफारीस र निवेदन सहित निर्धारीत समय भित्र सम्वन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्ने छ ।
३) रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।
४) म्याद थप सम्वन्धी व्यवस्थाः साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्ताव पर्याप्त मात्रामा दर्ता हुन नआएको खण्डमा सम्वन्धित कार्यालयले १५ दिनको म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

## २.४ भुक्तानी प्रक्रियाः

१) दूध चिस्यान केन्द्र निर्माण भएको आधारमा बढीमा ३ किस्तामा (रनिङ विलका आधारमा २ किस्ता र कार्य सम्पादन प्रतिवेदनका आधारमा अन्तिम किस्ता ) भुक्तानी व्यवस्था मिलाइने छ ।
२) कार्यालयले नियम अनुसार कन्टेजेन्सी रकम कट्टा गरिने छ ।
३) भुक्तानी सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून वमोजिम हुनेछ ।
४) सहकार्यमा कार्यक्रम संचालन गर्नको लागि साझेदारी संस्थालाई कुल लागतको बढीमा ५० प्रतिशत सम्म उपलव्ध गराईने छ ।
५)कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

# ३. कृषक सम्मान कार्यक्रम

**३.१ कार्यक्रम संचालनको उद्देश्यहरु :**

यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्स
(क) कृषकको योगदानलाई सम्मान गर्ने ।
(ख) कृषि पेशालाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने ।
(ग) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।
(घ) कृषक हरुवीच स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक वनाउन सहयोग पुऱ्याउने ।
(ङ) शिक्षित युवालाई कृषि पेशातर्फ आकर्षित गरी नविन प्रविधि अनुशरण गर्न उत्प्रेरीत गर्ने ।

**३.२ कार्यक्रममा समावेश हुने कृषि तथा पशुजन्य वस्तुहरुः**
क) नगरपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुपंक्षी तर्फ ५ वटा (गाई/भैंसी पालन, बाख्रा पालन, पंक्षी पालन, बंगुर/सुंगुर पालन, माछापालन ) गरी एक आ.व. मा जम्मा ५ वटा पशुजन्य वस्तुहरु समावेश गराउन सकिनेछ ।
ख) एउटै व्यवसायीक कृषकले पशुपंक्षी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखीएमा वा बिभिन्न पशुपंक्षी पालनमा उत्कृष्ट देखिएमा कुनै एउटा लाई मात्र समितिले छनौट गर्नुपर्नेछ ।
ग) पशुजन्य वस्तुहरु नदोहरीने गरी समितिले उत्कृष्ट र सर्वोत्कृष्ट छनौट गर्नुपर्नेछ ।

**३.३ कृषक छनौट विधिः** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिमको विधि अनुसार हुनेछ ।
क) यस कार्यक्रम कार्यान्वयनका लागी नगरपालीकाले ७ दिन देखी ३० दिने आबश्यकता अनुसार समयावधि दिई अनुसूची ३ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन इच्छुक नगरपालिकामा दर्ता भएका व्यक्तिगत कृषकले आवेदन माग गर्नुपर्नेछ ।
ख) सूचनामा उल्लेखीत म्याद भित्र सहभागी हुन इच्छुक कृषकहरुले अनुसूची- ४ र अनुसूची- ५ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन र व्यक्तिगत विवरण पेश गर्नुपर्नेछ ।

**३.४ उत्कृष्ट कृषक छनौट समितिः** समिति आर्थिक विकास समितिको संयोजकको संयोजकत्वमा ९ सदस्यीय समिति हुनेछ ।
आर्थिक विकास समिति संयोजक – संयोजक
प्रमुख प्रशासकीय अधिकृत – सदस्य
पशु क्षेत्रका १ जना बिज्ञ – सदस्य
आर्थिक विकास समितिका सदस्यहरु– सदस्य

कृषि विकास शाखा प्रमुख – सदस्य
पशु विकास शाखा प्रमुख –सदस्य सचिव

**३.५ समितिको काम, कर्तव्य र अधिकारः**

क) म्याद भित्र नगरपालिकामा आएका निवेदनलाई मात्र मान्यता दिने ।
ख) उक्त निवेदनहरु मध्येबाट अनुसूची-६ मा भएका पशुपंक्षी लाई आधार मानेर अनुसूची ७ को मुल्याङ्कनको आधारमा समितिले १ सर्वोत्कृष्ट तथा ५ जना उत्कृष्ट कृषक छनौट गर्नुपर्ने ।
ग) छनौट भएका कृषकहरु सम्बन्धी कसैले उजुर गरेमा त्यसको अन्तिम निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

**३.६ आर्थिक पक्षः**

क) सर्वोत्कृष्ट कृषकलाई रु ५,००० /- प्रदान गरिनेछ ।
ख) प्रत्येक उत्कृष्ट कृषक लाई रु. ३,००० /- प्रदान गरिनेछ ।

**३.७ कार्यक्रम संचालन प्रकिया**

क.भानु नगरपालिका भित्रका पशु पालक कृषकहरुलाई सम्मान गर्ने कार्यक्रम कुनै विशेष अवसर वा दिवस वा नगरसभा वा कुनै कार्यक्रम संचालन गर्न सकिने छ ।
ख. सम्मान गर्ने कृषकलाई प्रमाण पत्र दोसल्लाको व्यवस्था गरिने छ ।
ग. कार्यक्रम संचालनमा सहभागिलाई चिया खाजाको व्यवस्था गरिने छ ।

**४. जुनोटिक रोग कार्यक्रम**

४.१कार्यक्रम संचालनको उद्देश्यहरु ः यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन।

१. पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोगको बारेमा जानकारी गरी सचेतना फैलाउने।

२. विद्यालयमा आधारभुतरमाध्यमिक तहमा अध्यनरत विद्यार्थीहरुमा जुनोटिक रोग बारे विद्यालयमा नै शिक्षण कार्यक्रम संचालन गरी सचेतना फैलाउने ।

३. विश्व पशु स्वास्थ्य संगठनले प्राथमिक सुचिमा राखेको जुनोटिक रोगका बारेमा विद्यार्थी तथा जनतालाई जानकारी गराउने ।

४. स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखा संग समन्वयमा जनचेतना मुलक गोष्ठी संचालन गरी सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीहरुसंग समन्वय गरी जुनोटिक रोग नियन्त्रणमा सहयोग गर्ने ।

**४.२ कार्यक्रम संचालनका कियाकलापहरु :** यस कार्यक्रम संचालनका कियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. जुनोटिक रोग सम्बन्धी कृषकहरुमा सचेतना फैलाउनका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

२. विद्यालयमा आधारभुत वा माध्यमिक तहमा अध्यनरत विद्यार्थीहरुमा जुनोटिक रोग बारे सचेतना फैलाउन विद्यालयमा नै शिक्षण कार्यक्रम संचालन गरीने छ ।

३. स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखासंग समन्वयमा जनचेतना मुलक गोष्ठी संचालन गरी सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीहरु, महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी संग समन्वयात्मक कार्यक्रम संचालन गरीने छ ।

४. कार्यक्रम संचालनका क्रममा सहभागीहरुलाई खाजा खर्च, स्टेशनरी, सहभागीलाई यातायात खर्च र प्रशिक्षक भत्ता लगायत व्यवस्थापन तथा प्रशासनिक खर्च शिषर्कहरुमा खर्च गरीनेछ ।

## ५.पार्कोटे भैसी संरक्षण तथा सचेतना कार्यक्रम

५.१ कार्यक्रम संचालनको उद्देश्यहरु : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

- साबिक पुर्कोट गा.बि.स मा उत्पती भएको पार्कोटे भैसी पहिचान गर्ने
- पार्कोटे भैसीको नश्ल कायम राख्नका लागी कृषकलाई सचेतना फैलाउदै अनुबंशीक श्रोत संरक्षण गर्ने
- पार्कोटे भैसीको महत्व, ईतिहाशका बारेमा कृषक तथा संम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधी लाई जानकारी गराउने
- पार्कोटे भैसी पालक कृषकलाई प्रोत्साहन स्वरुप बिभिन्न औषधी बितरण गरी अनुबंशीक श्रोत संरक्षण गर्ने

**५.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. पार्कोटे भैसीको पहिचान गर्नका लागी प्राबिधिकहरुले स्थलगत अनुगमन गरी प्रतिबेदन निमार्ण गर्न सकिनेछ ।

२. पारकोटे भैसी पालक कृषकहरुको समुह गठन गरि वा व्यक्तिगत रुपमा पनि कार्यक्रम संचालन गरिने छ ।

३. पार्कोटे भैसीको महत्व बिशेषता इतिहासका बारेमा जानकारी गराउनका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

४. पार्कोटे भैसीको संरक्षण का लागी पार्कोटे भैसी पालेका कृषकलाई भैसी पालन तालिम प्रदान गर्ने

५. पार्कोटे भैसी पालक कृषकलाई प्रोत्साहन स्बरुप आन्तरीक तथा बाह्य परजिबि नियन्त्रणका लागी औषधी तथा मिनिरल, भिटामिन बितरण गरिनेछ ।

६. पार्कोटे भैसीको प्रजनन् योग्य राँगो पालेको कृषकलाई ट्रेभिज निमार्णमा सहयोग गर्न सकिने छ ।

## ६. स्थानिय खोलामा माछाको भुरा छोड्ने कार्यक्रम

६.१ कार्यक्रम संचालनको उद्देश्यहरु : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन्।

- स्थानिय खोलामा माछाको भुरा छोडी जौबिक बिबिधता संरक्षणमा टेवा पुर्याउने
- पर्याबरणीय बाताबरण संरक्षण गरी पर्यटनको बिकासमा सहयोग गर्ने
- स्थानिय खोलामा माछाको उत्पादन  बृद्दि गरी जिबिकोपार्जन तथा रोजगारको सृजना गर्ने
- फोहोर ब्यबस्थापन तथा पानी शुद्दधीकरणमा सहयोग साथै लामखुट्ेको लार्भा र पानीमा हुने हानिकारक किरा नियन्त्रणमा सहयोग गर्ने

**६.२  कार्यक्रम संचालनका क्रियाकलापहरु  :** यस कार्यक्रम संचालनका क्रियाकलापहरु  देहाय बमोजिम रहेका छन ।

१. भानु नगरपालिका भित्र रहेका स्थानिय खोला ( पाउदी नाउदी ,फाउदी, चुदी) मा  कुनै बिशेष अवसरमा जस्तै मत्स्य दिवस, भेटेरिनरी दिवस, पशुपंक्षी दिवस, भानु जयन्ती, सम्बिधान दिवस) वा कुनैपनि समयमा माछाको भुरा छोड्न सकिने छ ।

२. माछा भुरा खरिद, सञ्चार,ढुवानी,प्रचार फेलेक्स ,कार्यक्रममा उपस्थित का लागी चिया खाजाका लागी उक्त कार्यक्रम बाट खर्च गरिनेछ ।

३. माछाको भुरा छोड्ने स्थानिय खोलामा तपशिल कार्य नगर्न जनतामा जनचेतना फैलाउने कार्य गरिनेछ ।

३.१) ३० दिन सम्म माछाको भुरा छोड्ने स्थानिय खोलामा माछा मार्न पाइने छैन । माछाको भुरा छोड्ने स्थानिय खोलामा बाढी आएमा सो कार्यबिधी लागु हुने छैन  ।

३.२)  माछाको भुरा छोड्ने स्थानिय खोलामा मत्स्य बिष तथा बिद्युतिय माध्यमबाट माछा मार्न पाइने छैन ।

३माछाको भुरा छोड्ने स्थानिय खोलामा फिस ल्याडर निमार्ण नगरी बाध बाध्न तथा खोला थुन्न पाइने छैन ।

३.३) उल्लेखित नियम उल्लघन गरेमा जलचर संरक्षण ऐन २०१७ बमोजीम कावाहीका लागी सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

## ७.कृषि तथा पशु बिमा अभिमुखिकरण कार्यक्रम

७.१ कार्यक्रम संचालनको उद्देश्यहरु : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन्।

- पशुपंक्षी तथा मत्स्य पालनमा बिमाका बारे जानकारी गराई पशु धनको सुरक्षा गर्ने ।
- कृषि तथा पशु बिमा निर्देशिका २०७७ का मापदण्ड र क्षतिका बारेका जानकारी गर्ने ।
- दिगो जिबिकोपार्जनमा सुधार गर्ने ।
- कृषक र बिमा कम्पनी बिच सम्बन्बय र समजस्यता कायम गर्ने ।
- बिमा गर्न कृषक अभिप्रेरित गर्ने ।

७.२ कार्यक्रम संचालनका क्रियाकलापहरु  : यस कार्यक्रम संचालनका क्रियाकलापहरु  देहाय बमोजिम रहेका छन ।

१. कृषि तथ पशु बिमाको महत्व बिशेषता का बारेमा जानकारी गराउनका लागी अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।
२. बिमा कम्पनी,बिमा अभिकर्ता,बिमक,बिमित,कृषि तथा पशु प्राबिधिक र स्थानिय जनप्रतिनिधी संग कृषि तथ पशु बिमाका बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
३. कार्यक्रमले कृषक र विमा कम्पनि विच पुलको काम गर्ने छ ।
४. सहभागीलाई खाजा खर्च, प्रशिक्षक भत्ता, स्टेशनरी , होडीङ बोड, यातायात खर्च लगायतमा कार्यक्रम बाट खर्च गरिनेछ ।

## ८. प्रविधिक कर्मचारीहरुको क्षमता अभिबृद्दि कार्यक्रम

**८.१ कार्यक्रम संचालनको उद्देश्यहरु** : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

- प्राविधिक कर्मचरीको अविबृद्दि गरी कार्यक्षमताममा सुधार गर्ने
- नयाँ प्रविधि तथा बैज्ञानिक पद्दतिको जानकारी गराई सेवा प्रभाहमा दुरुस्तता प्रधान गर्ने
- बैज्ञानिक तथा आधुनिक प्रविधिको प्रयोग गरी कार्य संचालन गर्ने
- सम्वन्धित निकाय सगँ सम्वन्य र सहजिकरण मार्फत कर्मचारीमा निखारपन ल्याउने

**८.२ कार्यक्रम संचालनका कियाकलापहरु** : यस कार्यक्रम संचालनका कियाकलापहरु देहाय बमोजिम रहेका छन ।

प्राविधिक कर्मचारीको क्षमता अभिवृद्दिको लागी पालिकाको आयोजनामा विभिन्न किसिमका जस्तै,जुनोटिक रोग, आधुनिक प्रविधि ल्याव संचालन हालै देखा परेका रोग निदान कृत्रिम गर्भाधान हिट सिन्कोनाईजेसन,पशु प्रजनन् बिकृति सम्वन्धित जस्ता तालिम संचालन गर्न सकिने छ ।

१) पुनरताजकी तालिमको व्यवस्था गरी क्षमता अभिबृद्दि गर्न सकिने छ ।
२) तालिम संचालन गर्दा प्राविधिक खर्च प्रशासनिक खर्च हल भाडा सहभागीको दैनिक भ्रमण भत्ता खाजा खाना खर्च स्टेश्नरी र व्यवस्थापन खर्च कार्यक्रम वाट उपल्ब्ध गराईने छ ।
३) कुनै पनि संगठानात्मक निकाय नेभ्ला नेल्टा नाटा पाराभेटको आयोजनामा संचालन भएको प्राबिधिक क्षमता अभिबृद्दि हुने खालको तालिममा सहभागी हुनका लागी कर्मचारीलाई तालिम अवधिमा दैनिक भ्रमण भत्ता यतायात तालिम शुल्क वा सहयोग रकम यस कार्यक्रम वाट उपल्ब्ध गराईने छ ।
४) कुनैपनि प्राविधिक कर्मचारी निजी संघठन तथा विशेष शुल्क लाग्ने तालिममा सहभागी हुन सक्नेछन ।उक्त तालिममा सहभागी हुदाँ लाग्ने दस्तुर भ्रमण भत्ता यातायात जस्ता सम्पुर्ण खर्च पालिकाले यसै कार्यक्रम मार्फत उपलब्ध गराउन सकिने छ ।
५) क्षमता अभिबृद्दिका लागी फिल्ड अवलोकन अनुसन्धान प्रतिवेदन सुपरिवेक्षण आदि गरी दस्तावेज निमार्ण र तालिम संचालन गर्न सकिनेछन ।
६) प्र.प्र.अ.ले उपयुक्त ठानेमा आर्थिक विकास समितिको सिफारिस अनुसार अन्य कियाकलापहरु पनि संचालन गरि प्राविधिक कर्मचारी क्षमता अभिबृद्दि गर्न सकिने छ ।

## ९. औषधी खरिद तथा वितरण (पशुपंक्षी रोग निवारण कार्यक्रम

यस कार्यविधिमा औषधी खरिद तथा वितरण कार्यक्रम भन्नाले पशुहरुमा लाग्ने रोग तथा परजिवि निवारण गर्नका लागी औषधी खरिद वितरण गर्ने क्रियाकलापलाई जनाउने छ ।

### ९.१ औषधी खरिद :

१) पशुपंक्षीहरुमा देखा पर्ने आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण गर्न सामान्य रोगको उपचार गर्ने कार्यका लागी औषधी खरिद गरिन्छ ।

२) पशुको उपचारार्थ खरिद गरिने औषधी कार्यक्रम बमोजिमका हुनेछन ।

३) औषधी खरिद गर्दा खरिद समितिको स्विकृत गरी कोटेश्न वा टेन्डरको माध्यम अनुसार खरिद गरिने औषधीहरुका लागी कार्ययोजना निर्माण गरि टिप्पणी आदेश पेश गरि स्वीकृत पश्चात खरिद गरिने छ ।

४) आवश्यक औषधी खरिद गर्दा कोटेश्न वा टेन्डरको माध्यमवाट आवश्यक प्रक्रिया पुरा गरि खरिद ऐन अनुसार खरिद गरिनेछ ।

५) औषधी खरिद पश्चात जिन्सी शाखामा दर्ता गरि सेवा केन्द्रमा पठाई आवश्यकता अनुसार भण्डारणका लागी जिन्सी शाखा प्रमुखको रोहोवरमा भण्डारण गरी वितरण गरिनेछ ।

६) औषधी खरिद गर्दा कम्तिमा २ वर्षको म्याद रहेको औषधी खरिद गरिने छ ।

७) औषधी बितरण कार्यक्रम शाखा प्रमुखको सिफारिसमा प्र.प्र.अधिकृतको स्वीकृत पश्चात औषधी वितरण संचालान हुनेछ ।

### ९.२. औषधी वितरण :

१) भानु नगरपालिकाको कृषक, फर्म,सहकारी तथा कृषक समुहमा औषधी वितरण गरिने छ ।

२) औषधी वितरण कार्य पशु विकास शाखा तथा सेवा केन्द्र मार्फत वितरण गरिने छ ।

३) गाई भैसीको आन्तरिक परजिवि नियन्त्रण गर्ने औषधीको हकमा गोवर परिक्षण पश्चात परजिवि पहिचान गरि रोग निधान पश्चात मात्र वितरण गरिन्छ ।

४) भेडा बाख्रा र बंगुरको हकमा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी औषधी वितरण गरिने छ ।

५) औषधी वितरण कार्य गोवर, रगत, पिप, पिसाब, छाला परिक्षण पश्चात वा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी Prescription का आधारमा मात्र औषधी वितरण गरिने छ ।

६) एक चोटी औषधी प्राप्त गरेको कृषकले पुन चार महिना पश्चात मात्र आन्तरिक तथा वाह्य परजिविको औषधी पाईने छ ।

७) कृषकले आफ्ना लागी आवश्यक औषधी मात्र प्राप्त गर्ने छ ।( छिमेकी तथा आफन्तका लागी पनी लैजान्छु भन्न पाइने छैन ।)

८) औषधी लैजाने कृषकहरुले आपनो पशुमा अनिवार्य रुपमा पि.पि.आर,एफ.एफ.डी,एच.एस,वि.क्यू को भ्याक्सिन लगाउनु पर्ने छ ।

९) एक किसानले एक चोटीमा २० बाखा,५ गाई,५ भैसी,१० बंगुर भन्दा बढी पशुका लागी औषधी लैजादा वडा कार्यलयको सिफारिस वा फर्म दर्ताको प्रमाण पत्र आवश्यक पर्ने छ ।

१०) वितरण गरिएको औषधीको रेर्कड दुरुस्त रुपमा राखिने छ । प्रतेक महिना सेवा केन्द्रबाट प्रगति प्रतिबेदन पेश गर्नु पर्नेछ।

## १०. रेबिज रोग नियन्त्रण कार्यक्रम :

**१०.१ कार्यक्रम संचालनका कियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगरपालिकाभित्र कुनै पनि स्थानमा रेबिज रोग देखा परेमा वा शंका लागेमा रोग निदानका लागी पशु विकास शाखा तथा सेवा केन्द्रका प्राविधिकहरु लाई सम्बन्धित प्रयोगशालामा नमुना सम्प्रेषण गर्न कुनै बाधा हुनेछैन । नमुना सम्प्रेषण तथा नमुना संकलन गर्दा लाग्ने आवश्यक सामाग्री खरिद तथा व्यवस्थापन, दैनिक भ्रमण भत्ता र यातयात कार्यकमबाट नै प्रविधिकलाई उपलब्ध गराउनुपर्ने छ ।

२. नगरपालिका भित्र रहेका सामुदायिक तथा घरपालुवा कुकुरमा रेबिज विरुद्दको खोप शिविर संचालन पशु विकास शाखा तथा पशु सेवा केन्द्र मार्फत गरिनेछ ।

३. रेबिज विरुद्दको खोप शिविर तथा कुकुर बन्ध्याकरण कार्य रेबिज दिवसको अवसरमा सेप्टेम्वर २८ वा कुनै पनि समयमा संचालन गर्न सकिने छ । जसमा आवश्यक पर्ने औषधी तथा उपकरण खरिद गर्न, शिविर संचालनका समयमा पशु चिकित्सक तथा प्राविधिक भत्ता तथा खाना खर्च र ढुवानी खर्च गर्न सकिने छ ।

४. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संग समन्वय गरी रेबिज विरुद्दको खोप शिविर तथा कुकुर बन्ध्याकरण कार्य संचालन गर्न सकिने छ ।

५. धेरै खोप आवश्यक पर्ने तथा महामारी फैलिएमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संग समन्वय गरी सेवा प्रवाह गरिनेछ ।

६.रेबिज दिवसको समयमा रेबिज सम्बन्धी जनचेतना फैलाउनको लागि सम्बन्धित निकायको सहभागितामा अभिमुखिकरण तथा जनचेतना मुलक कार्यक्रम संचालन गर्न सकिने छ ।

७. रेबिज दिवसमा रेबिज रोग सम्बन्धी जनचेतना फैलाउन सप्ताहव्यापी कार्यक्रम गर्न तथा सामुदायिक तथा घरपालुवा कुकुरमा रेजि बिरुद्दको खोप संचालन कार्यक्रम संचालन गर्न सकिने छ । कार्यक्रममा खोप खरिद, सामाग्री खरिद, प्रविधिकको भत्ता, खाना तथा खाजाको ब्यबस्था गरिनेछ।

८ रेबिज रोग विरुद्दको खोप पशु विकास शाखा तथा पशु सेवा केन्द्र मार्फत निःशुल्क वर्ष भरि नै पोस्ट र प्रि दुवै खोप उपलब्ध गराईनेछ । प्राविधिकहरुले रेबिज बिरुद्द जनचेतना फैलाउन टिसर्टमा नगरपालिकाको नाम सहित प्रिन्ट गरी प्राविधिकलाई वितरण गरिने छ ।

९ संक्रमण नियन्त्रणमा प्राविधिक परिचालनका क्रममा दुर्घटना भएमा वा संक्रमणको शंका लागि परिक्षण गर्न पर्ने भएमा वा कुनैपनि रोगको कन्ट्यामिनेशन भई सो रोगको भ्याक्सिन लगाउनु पर्ने भएमा सो को भरपाई नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१० कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## ११. महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम

**११.१ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगरपालिका भित्र पशुमा लाग्ने सरुवा रोग जुन OIE ले प्राथमिकता सुचिमा राखेको वा नेपालको राजपत्रमा सुचिकृत रोगहरुको संक्रमण देखापरेमा उक्त स्थानमा रोग नियन्त्रणका लागी आवश्यक पर्ने औषधि खरिद गर्न सकिने छ ।

२. पशुहरुमा लाग्ने रेबिज, खोरेत, पि.पि.आर, भ्यागुते, चरचरे, लम्पि स्किन रोग, अफ्रिकन तथा क्लासिकल स्वाइन फिवर रोग तथा तिनको रोकथामका लागी उपयुक्त समय र पशुहरुमा खोप संचालन गरिने छ ।

३. खोप संचालनका क्रममा आवश्यक परेको खण्डमा निजी प्राविधिक भ्याक्सिनेटर नियुक्ती सम्बन्धी कार्यविधी २०७८ बमोजिम परिचालन गरी उक्त निजी प्राविधिकलाई सेवा सुविधा नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ।

४. खोप संचालनका क्रममा प्राविधिक लाई यातायात तथा दैनिक भ्रमण भत्ताको व्यवस्था नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

५. खोप संचालनका क्रममा वर्ष भरीका लागी पशु विकास शाखामा भ्याक्सिन सुरक्षित भण्डारणको व्यवस्था गरिनुपर्ने छ ।

६. पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पशुपंक्षीमा लाग्ने रोग तथा परजिवीहरुको निदान गर्नका लागी आवश्यक पर्ने उपकरणहरु खरिद गरिने छ।

७. पशु विकास शाखामा संचालनमा रहेको प्रयोगशाला लाई व्यवस्थित गरी सेवा प्रवाह गरिने छ ।

८. संक्रमण नियन्त्रणमा सेवा केन्द्रका प्राविधिक परिचालनमा कुनै बाधा हुने छैन ।

९. संक्रमण देखापरेको क्षेत्र बाट करिब ५०० मिटर देखी १ कि.मी सम्म रिङ भ्याक्सिन संचालन गर्न सकिने छ ।

१०. संक्रमण नियन्त्रणमा आवश्यक पर्ने औषधी तथा भ्याक्सिन नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

११. संक्रमणमा क्षति भै पशु मरेमा वा अंगभंग भएमा सम्बन्धित निकायमा क्षतिपुर्तीका लागी सिफारिस गर्न सकिनेछ ।

१२. संक्रमण नियन्त्रणमा प्राविधिक परिचालनका क्रममा दुर्घटना भएमा वा संक्रमणको शंका लागी परिक्षण गर्न पर्ने भएमा वा कुनैपनि रोगको कन्ट्यामिनेशन भई सो रोगको भ्याक्सिन लगाउनु पर्ने भएमा सो को भरपाई नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१३. नमुना संकलन गरी सम्बन्धित प्रयोगशालामा परिक्षणका लागी पठाउन सकिनेछ जसमा नमुना संकलनका आवश्यक पर्ने सामाग्री र पि.पि.ई को व्यवस्था गरी संकलन कर्ता र प्राविधिक लाई लाई यातायात तथा दैनिक भ्रमण भत्ताको व्यवस्था नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१४. कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

# १२.विज्ञ सहित निःशुल्क पशु स्वास्थ्य शिविर

१२.१ कार्यक्रम संचालनका क्रियाकलापहरु : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१ नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले आर्थिक विकास समिति संग समन्वय गरि स्थानिय आवश्यकता र माग अनुसार निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम गर्ने स्थान छनोट गर्नु पर्नेछ ।

२ पशु स्वास्थ्य शिविरमा विशेषज्ञ टोली भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग समन्वय गरि विज्ञ र प्राविधिकहरुको व्यवस्था गर्न सकिनेछ सोहि क्रममा खटिईने विज्ञ र

प्राविधिकहरुको यातायात, ढुवानी, दैनिक भ्रमण भत्ता र खाना खाजाको खर्च कार्यक्रमबाट नै गर्न सकिनेछ ।

३ पशु स्वास्थ्य शिविर संचालनमा आवश्यक पर्ने औषधी, खोप, उपकरण, अन्य आवश्यक सामाग्री तथा तयारीको व्यवस्थापन कार्यक्रमबाट खर्च गरिनेछ।

४ पशु स्वास्थ्य शिविरमा अन्य खर्च जस्तै चियापान, खाना तथा खाजा खर्च, ट्रेविज निर्माण, मसलन्द, ईन्धन र लजिस्टिक व्यवस्थापन लगायत कुराहरुमा खर्च गर्न सकिनेछ ।

५ कार्यक्रम संचालन गर्ने क्षेत्रका लाभान्वित वर्गलाई नगरपालिका, पशुपंक्षि तथा मत्स्य विकास शाखा र सम्वन्धित वडा कार्यालय मार्फत सुचित गर्नुपर्ने छ।

# १३.स्थलगत तालिम

कार्यक्रम संचालनका क्रियाकलापहरु : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१ नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले आर्थिक विकास समिति संग समन्वय गरि स्थानिय आवश्यकता र माग अनुसार स्थलगत तालिम कार्यक्रम गर्ने विषयवस्तुको क्षेत्र र स्थान छनोट गर्नु पर्नेछ ।

२ समुह वा सहकारीले माग गरे बमोजिम वा लिखित निवेदन दिए बमोजिम स्थलगत तालिम कार्यक्रम गर्ने विषयवस्तुको क्षेत्र र स्थान छनोट गर्नु पर्नेछ ।

३ स्थलगत तालिममा विषयवस्तुको क्षेत्र र स्थान छनोट गरे पश्चात मात्र तालिम संचालन हुनेछ ।

४ तालिम संचालनमा प्रशिक्षक भत्ता, सहभागी खाजा , खाना, स्टेशनरी, मसलन्द, व्यानर, प्रतिवेदन जस्ता आदी कार्यमा खर्च गर्न सकिनेछ ।

५ स्थलगत १ दिने तालिममा सहभागीहरु कम्तिमा २५ जना हुनुपर्ने छ।

# १४.कृषक भ्रमण कार्यक्रम

क. कार्यक्रम संचालनका क्रियाकलापहरु: यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१ कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने स्थान र मिति पशुपन्छी तथा मत्स्य विकास शाखाले आर्थिक विकास समितिसंग समन्वय गरि समय सान्दर्भिक र विशेष उदेश्य प्राप्त हुने स्थान र मिति छनोट गर्नु पर्नेछ ।

२ कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने सहभागीहरुको खाजा, खाना र बासको व्यवस्था र गाडी भाडा कार्यक्रमबाट खर्च गरिनेछ ।

३ कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने फर्म, सहकारी तथा कार्यालयको अवलोकन दस्तुर कार्यक्रमबाट खर्च गरिनेछ ।

४ कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने सहभागीहरु छनोट भानु नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाले सम्पूर्ण वडाहरुका कृषकको प्रतिनिधित्व सबै समुह (गाई/भैंसीपालन, कुखुरापालन, माछापालन, बाख्रापालन, बंगुरपालन) समावेश हुने गरि शाखाले छनोट गर्नेछ ।

५ कृषक भ्रमण कार्यक्रम कम्तिमा १ दिन देखि अधिकतम ३ दिन सम्म हुनेछ ।

# १५. पशुपंक्षी प्रोत्साहन कार्यक्रम

१५.१ कार्यक्रम संचालनका कियाकलापहरु : यस कार्यक्रम संचालनका कियाकलापहरु देहाय बमोजिम रहेका छन ।

क. कृषकको पशुहरुले तपशिल रुपमा बाच्छा/बाच्छी, पाडा/पाडी, पाठा/पाठी जन्मिएमा पशुपंक्षी प्रोत्साहन कार्यक्रममा समावेश गरिनेछ ।

**<u>तपशिल</u>**

| क.सं. | पशु | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | बाख्रा | कम्तिमा ४ वटा पाठा, पाठी वा सो भन्दा माथी जन्मिएमा | |
| २ | भेडा | कम्तिमा २ वटा पाठा,पाठी वा सो भन्दा माथी जन्मिएमा | |
| ३ | गाई/भैसी | कम्तिमा २ वटा पाडा/पाडी,बाच्छा/बाच्छी वा सो भन्दा माथी जन्मिएमा | |

ख. पशुपंक्षी प्रोत्साहन कार्यक्रममा समावेश हुने कृषकहरुले भानु नगरपालिकाको कार्यपालिकाको बैठकले तोकिए बमोजिमको रकम आ.व. को अन्तिममा प्राप्त गर्नेछन ।

ग. पशुपंक्षी प्रोत्साहन कार्यक्रममा समावेश हुनका लागी पशु र बच्चाको प्रस्ट देखिने फोटो, प्राविधिक सहितको सर्जमिन मुचुलका, वडा कार्यालयको सिफारिस सहित जन्मिएको १५ दिन भित्र पशुपंक्षी तथा मत्स्य विकास शाखामा पेश गर्नु पर्नेछ ।

घ. पशुपंक्षी तथा मत्स्य विकास शाखाले जेष्ठ मसान्त सम्म पशुपंक्षी प्रोत्साहन कार्यक्रममा समावेश हुनका लागि कागजात पुगेको दरखास्त लिई कार्यपालिकामा विवरण पेश गर्नु पर्नेछ । विवरण पेश पश्चात सो कार्यपालिका बैठकले प्रोत्साहन रकम तोकी रकम वितरण गर्न सकिनेछ ।

# १६. भेडा संरक्षण कार्यक्रम

१ कार्यक्रम संचालनको उद्देश्यहरु : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

१. भानु नगरपालिकामा भएका भेडाको पहिचान गर्ने ।

स्थानिय भेडाको नश्ल कायम राख्नका लागी कृषकलाई सचेतना फैलाउदै अनुवांशिक श्रोत संरक्षण गर्ने ।

२. स्थानिय भेडाको महत्व, इतिहासका बारेमा कृषक तथा सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीलाई जानकारी गराउने ।

३. स्थानिय भेडापालक कृषकलाई प्रोत्साहन स्वरुप विभिन्न औषधी बितरण गरी अनुवांशिक श्रोत संरक्षण गर्ने ।

**२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

क) स्थानिय भेडाको पहिचान गर्नका लागी प्राविधिकहरुले स्थलगत अनुगमन गरी प्रतिवेदन निर्माण गर्न सकिनेछ ।

ख) स्थानिय भेडापालक कृषकहरुको समुह गठन गरि वा व्यक्तिगत रुपमा पनि कार्यक्रम संचालन गरिने छ ।

ग) स्थानिय भेडाको महत्व बिशेषता इतिहासका बारेमा जानकारी गराउनका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

घ) स्थानिय भेडा पालक कृषकलाई प्रोत्साहन स्वरुप आन्तरीक तथा बाह्य परजिवि नियन्त्रणका लागि औषधी तथा मिनिरल, भिटामिन वितरण गरिनेछ ।

ङ)स्थानिय भेडाको संरक्षणका लागि स्थानिय भेडा पालेका कृषकलाई भेडापालन तालिम प्रदान गर्ने । भेडाको नश्ल सुधारका लागी थुमा वितरण गर्न सकिनेछ।

च) स्थानिय थुमालाई बन्ध्याकरण नगराउनका लागी जनचेतना फैलाउने फ्लेक्स निर्माण गरिनेछ ।

छ) कार्यक्रम व्यवस्थापन खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## १७.कृषि यान्त्रिकरण कार्यक्रम

१ व्यवसायिक पशुपालन गरेका कृषकहरु लाई आहारको समुचित उपयोग गर्न च्याफकटर र कम्वाईन मिल(दाना बनाउने मिसिन) खरिद गरि लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

२ नगर सभाबाट स्वीकृत भए बमोजिम सार्वजनिक सूचना मार्फत व्यवसायिक फर्महरु लाई लक्षित गरि शाखा मार्फत कार्यक्रम संचालन गर्ने ।

३ च्याफकटर र कम्वाईन मिल(दाना बनाउने मिसिन) खरिद सम्बन्धि प्रक्रिया कार्यालय मातहतमा रहि छनोटमा परेका कृषक स्वयमले खरिद गर्ने ।

४ समान खरिद गरि बिल भरपाई, मुचुल्का, वडा कार्यालयको सिफारिस, फोटो सहित आवश्यक कागजात पेश गरी शाखाबाट अनुगमन पश्चात मात्र रकम भुक्तानी गरिनेछ ।

५ स्वीकृत बजेटको परिधि भित्र रहि नगरपालिकाको अनुदान कुल लागतको ६० प्रतिशत वा रु २५,००० मध्ये कम हुन आउने रकम रहनेछ ।

६ प्रचलित कानुन बमोजिम दर्ता, नविकरण भएको व्यवसायिक पशुपालक कृषक हुनुपर्ने छ ।

७ गत वर्ष अनुदान प्राप्त नगरेको कृषकले मात्र यो कार्यक्रममा सहभागी हुन पाउनेछन ।

८ कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## १८.घाँस विकास कार्यक्रम

१ भानु नगरपालिकाका कृषकलाई उत्पादन लागत घटाउन र घाँस खेतिमा प्रोत्साहन गर्न नगर सभाबाट कार्यक्रम स्वीकृत भए बमोजिम अनुदानमा विभिन्न जातका घाँसका बिउ शाखा, पशु सेवा केन्द्रले बितरण गर्नेछ ।

२ बिउ वितरणका लागी व्यवसायिक पशुपालक कृषक, व्यवसायिक फर्म, कृषक समुह, सहकारी तथा नगरभित्रका अन्य पशुपालक कृषकहरु लाई सार्वजनिक सूचना मार्फत माग संकलन गरि कृषकले पालन गरेको पशु संख्या, जमिन तथा मागका आधारमा हिउँदे, वर्षे, बहुवर्षे, डाले प्रकृतिका विभिन्न जातका घाँसका बिउ निःशुल्क वितरण गरिनेछ ।

३ स्वीकृत गरको बजेटको परिधि भित्र रहि वर्षमा २ पटक( हिउँदे र वर्खे) विभिन्न जातका घाँसका बिउ, बेर्ना तथा सेट्स निःशुल्क रुपमा भरपाई गरि वितरण गरिने छ।

४ कार्यालयमा घाँसको नर्सरी (डाले/भुई) स्थापना गरि कृषकलाई बेर्ना वितरण गर्न सकिनेछ जसका लागी आवश्यक पर्ने जनशक्ती, बिउ, मलखाद, विषादी लगायत खर्च गर्न सकिनेछ ।

५ स्थानिय माग र आवश्यकताअनुसार अधिकतम १०० प्रतिशत अनुदानमा आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न सकिनेछ । उक्त कार्यक्रम सम्बन्धित कृषकसंग सम्झौता गरी वा पशु विकास शाखाले सोझै खरिद गरेर वितरण गर्न सकिनेछ ।

६ कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

# १९.मत्स्य प्रवर्द्दन कार्यक्रम

१) मत्स्यपालन व्यवसायलाई सुधार गरी माछाको उत्पादन तथा उत्पादकत्व बढाई बजारीकरणका कार्यहरु समेत गर्न भानु नगरपालिकाको बजेट तथा कार्यक्रमको परिधिभित्र रहि माछा पोखरी निमार्ण र सुधार, मत्स्य उत्पादन सामाग्रीमा सहयोग सम्बन्धि कार्यक्रम कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरि संचालन गर्न सकिनेछ ।

२) कृषकको माग अनुसार माछाको भुरा खरिद गरि निःशुल्क रुपमा वितरण गर्न सकिनेछ ।

३) नियमानुसार दर्ता भएको कृषि फर्म, कृषक समुह, समिति वा सहकारीले आवेदन दिई कार्यक्रममा सहभागी हुन सक्नेछन ।

४) आवेदन दिने कृषकले माछापालनका लागी उपयुक्त जग्गा भएको वा माछापालन भै रहेको प्रमाण नगरपालिकामा पेश गर्नु पर्नेछ ।आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरि अनुमान लागत सहित प्रस्तावना पेश गर्नुपर्नेछ।

५) स्थानिय खोलामा माछाको भुरा छोडी जैविक विविधता संरक्षणमा टेवा पुर्याउने तथा पर्यावरणीय वातावरण संरक्षण गरी पर्यटनको विकासमा सहयोग गर्ने भानु नगरपालिकाभित्र रहेका स्थानिय खोला ( पाउदी, नाउदी ,फाउदी, चुदी) मा कुनै विशेष अवसरमा जस्तै मत्स्य दिवस, भेटेरिनरी दिवस, पशुपंक्षी दिवस, भानु जयन्ती, संविधान दिवस) वा कुनैपनि समयमा माछाको भुरा छोड्न सकिने छ।

६) कार्यक्रममा सहभागी हुन आवश्यक पर्ने कागजातहरु प्रमाणित गरि नगरपालिकामा पेश गर्नुपर्नेछ।

७) आवेदकको आफ्नै वा निजको एकाघरको परिवारको स्वामित्वमा भएको जग्गा हुनुपर्नेछ वा जग्गा करार/ लिजमा लिइ कार्यक्रम संचालन गरेको हकमा न्युनतम १० वर्षका लागी प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

८) कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

९) तपशिल रुपमा देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

## तपशिल

| क्र.सं | कार्यक्रमको नाम | अनुदान रकम(प्रति रोपनी) |
|---|---|---|
| १ | नयाँ पोखरी निमार्ण | २५,०००। |
| २ | पुरानो पोखरी मर्मत | १०,०००। |

# २०.कृषि तथा पशुपंक्षी दिवस कार्यक्रम

१) नेपालमा कृषि तथा पशुपंक्षी तर्फका विभिन्न दिवसहरु सफलतापूर्वक मनाउनका लागी स्वीकृत बजेटबाट विभिन्न क्रियाकलाप संचालन गर्न सकिनेछ ।

२) दिवस कार्यक्रममा सम्बन्धित विषयवस्तु झल्कने गरि टि-सर्ट वा ज्याकेट प्रिन्ट गरि वितरण गर्न सकिनेछ ।

३) विषयवस्तुहरुको ज्ञान फैलाउन तथा प्रचार प्रसार गर्नका लागी प्रभात फेरी तथा र्यालीको आयोजना गरी कार्यक्रम संचालन गरिने छ जसमा सहभागीहरु लाई खाजा तथा पानीको व्यवस्था र फ्लेक्स, कार्ड, व्यानर मा कार्यक्रम बाट नै खर्च गर्न सकिनेछ ।

४) दिवस कार्यक्रममा दुग्ध सहकारि सं. ली, अन्डा व्यवसायि संघ संस्था, मासु पसल, सम्वन्धित विषयको संघ तथा महासंघ संग समन्वय गरि कार्यक्रम संचालन गर्न सकिनेछ ।

५) दुग्ध दिवस, अन्डा दिवसमा विद्यालयमा विद्यार्थीहरुलाई दुग्ध /अन्डा खरिद गरि वितरण गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

६) कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

- तपशिलका दिवसहरु मनाउन सकिनेछ ।

| | |
|---|---|
| राष्ट्रिय पोल्ट्रि दिवस | पुस १७ गते |
| राष्ट्रिय बाख्रा दिवस | माघ ४ |
| बिश्व रेविज दिवस | सेप्टेम्वर २८ |
| बिश्व दुध दिवस | जुन १ |
| बिश्व भेटेरिनरी दिवस | अप्रिलको अन्तिम सनिवार |
| बिश्व पोल्ट्रि दिवस | मे १० |
| बिश्व अन्डा दिवस | अक्टोवरको दोस्रो शुक्रवार |

| | |
|---|---|
| बिश्व पशुपंक्षी दिवस | अक्टोवर ४ |
| बिश्व बन्यजन्तु दिवस | मार्च ३ |
| बिश्व वातावरण दिवस | जुन ५ |
| बिश्व माछा दिवस | नोभेम्वर २१ |
| राष्ट्रिय चिया दिवस | बैशाख १५ |
| राष्ट्रिय धान दिवस | असार १५ |
| राष्ट्रिय सहकारी दिवस | चैत २० |
| बिश्व खाद्य दिवस | अक्टोवर १६ |
| विश्व जुनोसिस दिवस | जुलाई ६ |

# २१. गाई संरक्षण कार्यक्रम

क. कार्यक्रम संचालनको उद्देश्यहरु : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् ।

१) भानु नगरपालिकामा भएका स्थानिय गाईको प्रजाती पहिचान गर्ने ।

२) स्थानिय गाईको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गर्ने ।

३) स्थानिय गाईको संरक्षण र विकासका लागी कृषकको माग अनुसारको कार्यक्रम संचालन गर्ने ।

४) स्थानिय गाईको नश्ल कायम राख्नका लागी कृषकलाई सचेतना फैलाउदै अनुवांशिक श्रोत संरक्षण गर्ने ।

५) स्थानिय गाईको महत्व, इतिहासका बारेमा कृषक तथा सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीलाई जानकारी गराउने

६) स्थानिय गाई पालक कृषकलाई प्रोत्साहन स्वरुप विभिन्न औषधी वितरण गरी अनुवांशिक श्रोत संरक्षण गर्ने ।

**२ कार्यकम संचालनका कियाकलापहरु** : यस कार्यक्रम संचालनका कियाकलापहरु देहायबमोजिम रहेका छन ।

१) स्थानिय गाईको जात पहिचान गरी संरक्षण गर्नका लागी प्राविधिकहरुले स्थलगत अनुगमन गरी तथ्याङ्क सहित प्रतिवेदन निर्माण गर्न सकिनेछ ।

२) स्थानिय गाईपालक कृषकहरुको समुह गठन गरि वा व्यक्तिगत रुपमा पनि कार्यक्रम संचालन गरिने छ ।

३) स्थानिय गाईको महत्व विशेषता इतिहासका बारेमा जानकारी गराउनका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

४) स्थानिय गाईको संरक्षणका लागी स्थानिय गाई पालेका कृषकलाई गाईपालन तालिम तथा भ्रमण प्रदान गरिने छ ।

५) स्थानिय गाईपालक कृषकलाई प्रोत्साहन स्वरुप आन्तरीक तथा वाह्य परजिवि नियन्त्रणका लागी औषधी तथा मिनिरल, भिटामिन वितरण गरिनेछ ।

६) गाईको नश्ल संरक्षणका लागी गाई/कोरेली वितरण गर्न सकिनेछ।

७) स्थानिय गाईलाई संरक्षण गर्नको लागी जनचेतना फैलाउने फ्लेक्स निर्माण गरिनेछ ।

८) गाईपालनमा आवश्यक पर्ने सामाग्रीहरु(क्यान,मिल्क एनालाइजर, च्याफकटर, काउम्याट, बाल्टि, मिल्किङ मेसिन, कम्वाईन मिल आदि) खरिद गरी वितरण गर्न सकिनेछ ।

९) स्थानिय गाईपालन क्षेत्रमा थुनेलो तथा बाँझोपन निवारणका लागी कार्यक्रम संचालन गर्न सकिनेछ ।

१०) स्थानिय गाईपालन क्षेत्रमा गाईपालन तथा लक्षित वर्गको माग र आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न सकिनेछ ।

११) कार्यक्रम व्यवस्थापन(बैठक, प्रचारप्रसार, अनुगमन, ढुवानी, इन्धन, खाना तथा खाजा) मा कार्यक्रमबाट नै खर्च गरिनेछ ।

१२) प्राप्त आवेदनलाई छनोट समिति मार्फत छनोट भए पश्चात कार्यक्रम संचालन गरिनेछ ।

# २२. विविध खर्च

१) प्राविधिक कर्मचारीहरुको मासिक बैठक संचालन गरिने छ । उक्त कार्यक्रममा खाजा खर्च उपलब्ध गराईने छ ।

२) प्राविधिक कर्मचारी संञ्चारको लागी मासिक रु ३०० का दरले उपलब्ध गराईने छ ।

३) पशु विकास शाखाको कार्यक्रम संचालन गर्दा पशु विकास शाखाको प्राविधिक र आर्थिक विकास समितिवाट अनुगमन खर्च गरिने छ ।

४) कार्यक्रम संचालनकको क्रममा ढुवानी इन्धन प्राविधिक कर्मचारीलाई उपलब्ध गराउन सकिने छ ।

५) पशुपंक्षी तथा मत्स्य विकास शाखाका लागी आवश्यक पर्ने यन्त्र उपकरण तथा सामाग्री खरिद गर्न सकिनेछ ।

६) शाखा वा सेवा केन्द्र बाहेक अन्य नगरपालिका भित्रका वडाहरुमा जादा कर्मचारीहरुलाई यातायात वा इन्धन खर्च र खाजा/खाना खर्च कार्यालयले उपलब्ध गराउनेछ ।

७) आर्थिक विकास समितिसंगको बैठक बसी कार्यक्रम संचालन गर्न सकिने छ।

८) भैपरि आउने खर्च तथा बिभिन्न शिर्षकमा खर्च गर्न सकिने छ ।

## परिच्छेद : ३

## (क) कार्यक्रम छनौटको प्राथमिकिकरण

परिच्छेद २ मा उल्लेखित पशु सेवाका कार्यक्रमहरु वितरण गर्दा निम्न बुँदाहरुमा केन्द्रित भएर प्राथमिकिकरण गरिनेछ।

१. व्यवसायिक कृषक/फार्म/समुह/सहकारी

२. सम्वन्धित वडा कार्यालयको सिफारिस भै आएमा

३. आफ्नै लगानीमा व्यवसाय सुरु भएको व्यवसाय

४.आवश्यक पूर्वाधारहरुको व्यवस्था भएको/हुन सक्ने

५. महिला ,अपाङ्ग,,दलित,एकल महिला

६. कार्यक्रम संचलान गर्दा अघिल्लो बर्ष सेवा सुबिधा नपाउनेलाई प्राथमिकता दिइनेछ।

## (ख) सूचना प्रवाह

१. पशु विकास शाखाबाट कार्यान्वयन हुने मूख्य कार्यक्रमहरु संचालनका लागि शाखाले कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ७(सात) दिन देखि बढिमा ३०(तिस) दिनको म्याद कायम राखि सार्वजनिक सूचना प्रकाशन गर्नेछ । यस्तो सूचना नगरपालिकाको सूचना पाटीमा टाँस गर्नेछ । धेरै भन्दा धेरै लाभग्राहिहरु समक्ष उक्त सूचना पुर्याउन पशु बिकास शाखा, सेवा केन्द्र / उपकेन्द्र लगायत हरेक वडा कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँस गरिनेछ।साथै उक्त सूचनालाई नगरपालिकाको वेबसाईट मा समेत राखिनेछ |

**ग) माग संकलन**

१. पशु विकास शाखा र पशु सेवा केन्द्रमा कृषि फार्म / कृषि समूह/ कृषि सहकारी संस्था / बहुउद्देशिय संस्थाहरुले आफ्नो निवेदन दर्ता गराउन सक्नेछन् ।
२. सेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निवेदनहरुलाई रुजु गरी सो को नाम उतार गरी १ प्रति सम्बन्धित सेवा केन्द्र/उपकेन्द्रमा र १ प्रति पशु विकास शाखामा निवेदन दिने म्याद सकिएको ३ दिन भित्र निवेदन सहित सम्बन्धित सेवा केन्द्रले न.पा.को पशु विकास शाखामा पठाई सक्नु पर्नेछ ।
३. पशु बिकास शाखामा प्राप्त भएका निवेदनहरु लाई पुन रुजु गरी कम्पाइलेसन गर्ने काम शाखाबाट हुनेछ ।

**परिच्छेद : ४**

## फिल्ड अबलोकन /निरिक्षण

१. फिल्ड अनुगमन समिति

अनुदानका लागी रितपुर्वको निवेदन /माग पत्र गरेका कृषक/समुहको स्थलगत फिल्ड निरीक्षण गर्न देहाय वमोजिमका ९ सदस्य रहेको अनुगमन टोली गठन हुनेछ।

संयोजक - आर्थिक विकास समितिका संयोजक-१
सदस्य- प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी-१
सदस्य- आर्थिक विकास समिती सदस्य -३
पदेन सदस्य-सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि-१
सदस्य-सम्वन्धित पशु सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी -१
सदस्य- शाखाका पशु शाखामा कार्यरत प्राविधिक कर्मचारी -१
सदस्य सचिव- पशु विकास शाखा प्रमुख -१

२. **प्राविधिक प्रतिवेदन तयार गर्ने**
१. अनुगमन टोली निवेकहरुको स्थलगत फिल्ड निरिक्षण गरी प्राविधिक मुल्याङन गरी नगरपालिकामा पेश गरिन्छ।
२. स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रहेर वस्तु /सामाग्री /सेवामा अनुदानका लागि अनुगमन टोली द्धारा पेश भएको मुल्याङ्कनका आधारमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत भए पछि कार्यक्रम संचालन हुनेछ।

**परिच्छेद : ५**

## छनौट समिति :

देहाय अनुसारको पदाधिकारी रहने गरी प्रस्तावना पेश गरेका कृषकहरु लाई कार्यक्रममा सहभागी गराउन छनौट समिति गठन गरिने छ।

- संयोजक – आर्थिक विकास समितिको संयोजक - १ जना
- सदस्य – आर्थिक विकास समितिको सदस्यहरु - ३ जना
- सदस्य – प्र.प्र.अ.वा निजले तोकेको एक अधिकृत- १ जना
- सदस्य – पशु शाखाका प्राविधिक- २ जना
- सदस्य – कृषि शाखा प्रमुख वा निजले तोकेको एक प्राविधिक- १ जना
- स.सचिव – पशु शाखा प्रमुख- १ जना

## परिच्छेद : ६

## अनुगमन समिति

काम सम्पन्न भए नभएको अनुगमन समितिको प्रतिबेदनको आधारमा भुक्तानी प्रकृया अधि बडने भएकोले नगरपालिकाको अनुगमन गर्न गठित देहाय वमोजिमका ९ सदस्य रहेको अनुगमन टोली बाट अनुगमन हुनेछ ।

संयोजक - उपप्रमुख -१
सदस्य- प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी-१
सदस्य- आर्थिक विकास समितिका संयोजक र समिति सदस्य -४
सदस्य-सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि -१
सदस्य- पशु सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी -१
सदस्य सचिव - शाखा प्रमुख वा निजले तोकेका प्राविधिक कर्मचारी -१

## परिच्छेद : ७

## कार्यविधिको स्वीकृत र कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

१. यो कार्यविधि भानु नगरपालिका कार्यपालिका वाट स्वीकृत भएपछि लागु हुनेछ।

२.कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ७ दिन देखि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरि कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गरिनेछ ।यस्तो सूचना राष्ट्रिय

दैनिक पत्रिका, स्थानीय तहको सूचना पाटी, सेवा केन्द्र, सेवा कार्यालय, वडा कार्यालयको सूचना पाटीमा र वेवसाईटमा समेत प्रकाशित गरिनेछ ।

३. स्वीकृत कार्यक्रम संचालनका लागी योग्यता पुगेका प्रस्तावकहरुको हकमा सूचना प्रकाशन भए अगावै प्रचलित कानुन वमोजिम सम्वन्धित निकायमा दर्ता भएको,कर चुक्ता,स्थाई लेखा नं. प्राप्त गरेको, गत आ.व को. लेखा परिक्षण साथै कुनै कारवाहीमा नपरेको हुनु पर्छ ।

४. ईच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र प्रस्ताव पत्र, संक्षिप्त व्यवसायिक कार्य योजना, लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र, सम्वन्धित सेवा केन्द्र र शाखको सिफारीस र निवेदन सहित निर्धारीत समय भित्र सम्वन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्ने छ ।रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

५. म्याद थप सम्वन्धी व्यवस्थाः साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्ताव पर्याप्त मात्रामा दर्ता हुन नआएको खण्डमा सम्वन्धित कार्यालयले १५ दिनको म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

६. भानु नगरपालिकाका पशु सेवा शाखाका कार्यक्रम आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा परिच्छेत-४ को उपदफा १ बमोजिम फिल्ड अनुगमन टोली/समिति तथा सम्वन्धित विषयगत प्राविधिकहरु द्वारा फिल्ड अनुगमन गरि उपयुक्त कृषक/फार्म/समुह/सहकारीहरु लाई परिच्छेत-५ बमोजिम छनोट समितिबाट छनोट गरि स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि अनुदानका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छन र प्रमुख प्रशासकिय अधिकृतले प्रचलित ऐन नियम अनुसार स्वीकृत गरेपछी अनुदान उपल्बध हुनेछ ।

७. पशु सेवा शाखा संग सम्वन्धित कार्यक्रम गर्दा सम्बन्धित शाखा र आर्थिक बिकास समितको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतको स्वीकृत पछि संचालन हुनेछ ।

८.तालिम,भ्रमण,गोष्ठी,बैठक,अनुगमन र प्रशासनिक कार्यमा बिनियोजित बजेटको बढिमा ५ प्रतिशत सम्म खर्च गर्न सकिनेछ ।

## परिच्छेद : ७
## विविध

१. दफा संसोधन तथा थपघट गर्न सक्ने :- यस कार्यविधिमा उल्लेख दफाहरु संसोधन गरी थपघट गर्न सक्ने वा परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित शाखा र आर्थिक विकास समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले प्रचलित ऐन नियम अनुसार कार्यपालिका वाट स्वीकृत गर्न सकिने छ ।

## २. **खारेजी र बचाउ**

क) यो कार्यविधि बमोजिम पशु शाखा प्रमुखले आफुमा निहित अधिकार मातहतका कुनै पनि कर्मचारी लाई प्रचलित नियम अनुसार प्रत्यायोजन गर्न सक्ने छ ।
ख) यस कार्यविधिको बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघिका कार्यहरु मान्य हुने छैन ।
ग) पशु सेवा बिभाग, मन्त्रालय तथा निर्देशनालय संगका कार्ययोजना फरक भएता पनि यस कार्यबिधि कार्यन्यनमा बाधा पुग्ने छैन ।
३. कार्यक्रम संचालन पशु सेवा शाखाको स्वीकृत बार्षिक कार्यविधि बमोजिम संचालन हुने छ ।
४. अनुगमन पश्चात अनुगमन टोलीको प्रतिबेदनको आधारमा कार्यक्रम संचालन गर्न सकिने छ ।
५. पशुसेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निबेदनहरुलाई रुजु गरी सो को बिबरण उतार गरी १ प्रति सम्बन्धित वडा कार्यालयमा १ प्रति पशु
सेवा शाखामा निबेदन दिने म्याद सकिएको ३ दिन भित्र निबेदन सहित सम्बन्धित सेवा केन्द्रले नगरपालिकाको पशु बिकास शाखामा पठाई सक्नु पर्नेछ ।
६. पशु सेवा शाखा वाट संचालन गर्ने कार्यक्रमको कार्यविधि–२०८०

# अनुसूची - १
# निवेदन ढाँचा

मिति.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
भानु नगर कार्यपालिकाको कार्यालय, फ्रुसेटार
तनहुँ ।

विषयः- कृषि यान्त्रिकरण कार्यक्रममा आवेदन दर्ता गरिदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा यस भानु नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका बाट मिति २०८१/०७/०६ गतेको प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं ........ स्थित म ........................................... को आवेदन दर्ता गरिदिनुहुन बिनम्र अनुरोधका साथ आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु |

तपशीलः

१. फर्म दर्ताको प्रमाणपत्र, पान नम्बर, करचुक्ताको प्रमाणपत्र
२. नागरिकताको प्रतिलिपी
३. वडा कार्यालयको सिफारिस

# अनुसूची-२

## सम्झौताको नमुना

यस भानु नगरपालिका कृषि विकास शाकाको बार्षिक स्वीकृत कृषि कार्यक्रम अर्न्तगत.............................. कार्यक्रममा आर्थिक विकास समितिको मिति.............. निर्णय बमोजिम भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रथम पक्ष र कृषि फर्म/कृषक समूह /कृषि सहकारी /बहुउद्देशिय सहकारी श्री......................................................दोस्रो पक्ष बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौदियौ |

१.सम्झौता गर्ने पक्ष र अनुदानग्राही

क............कार्यक्रम अर्न्तरग तको कृषक समूहको सम्झौता अधिकारिक प्रतिनिधि

१) नामः श्री .......................

२)प्रतिनिधि गर्ने समूह/सहकारीको नामः श्री........................

३) ठेगानाः भानु-...........

ख) परियोजना स्थलको विवरणः...............................

ग) परियोजना कार्यन्वयन अवधि

१. शुरु हुने मितिः ......................

२. सम्पन्न हुने मितिः....................

२) परियोजना संञ्चालन हुने त्रियाकलाप सम्वन्धी विवरण

क) कार्यक्रमको नाम................................कार्यक्रम

ख) कार्यक्रमको किसिमः तोरी खेति

ग) कार्यक्रमको कुल लागत रू

घ) कार्यक्रमको प्रत्यक्ष लाभाम्वित हुने

१) कृषक परिवार संख्याः

२) जनसंख्याः

३) समुदायः

४) *दलितः*

५) जनजातीः

६)अन्यः

**सम्झौताका सर्तहरु**

१. सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२. दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्यक्रम सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै संघसंस्था बाट सहयोग अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ|

४. दोस्रो पक्षले सम्झौता बमोजिको काम गर्दा प्रथम पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले यस परियोजना संचालनका लागी सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चता गर्नु पर्नेछ ।

६. यस परियोजनाको मेशिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकेको अवधि भित्र सम्पन्न गर्नु पर्ने छ ।

७ .प्रथम पक्षले सम्झौता वमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षवाट प्राप्त भए पश्चात रू.............................../-(अक्षररुपी ............मात्र ) मा नबढने गरि नियम अनुसारको कर कट्टी गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता वमोजिम पुर्वाधार निर्माण को लागी सामाग्री आपुर्ती कर्ता मेशिनरी आपुर्तिकर्ता लाई सौझै भुक्तानी दिन सक्नेछ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नुपर्ने छ ।

८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष आवश्यक कागजात (बिल,जग्गाको लालपुजा,नागरिकता,समुहको प्रमाणपत्र,समुहको माईनट,कार्य सम्पन वडाको सिफारिस , कार्य सम्पन फोटो) विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा भुक्तानी दिनेछ ।

९. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न भई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१०. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ|

११. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२.दोस्रो पक्षले परियोजानको निमार्ण कार्यमा लागेको खर्च विरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र सम्वन्धित सरोकारवालाको उपस्थितिमा गराउनु पर्ने छ ।

१३.दोस्रो पक्षले कृषि उत्पादनको सहयोगका लागी लिएको अनुदान रकम परियोजना निर्माण मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिना मिना भएको देखिएमा वा हेलचक्राईको कारणवाट परियोजना वा निर्माण गरिएको पुर्वाधार मेशिनरी उपकरण हरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्ष वाट असुर उपर गरिने छ ।

१४.दोस्रो पक्षले समयमा कार्य सम्पन गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१५.सम्झौताको सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन वमोजिम हुने छ ।
१६.स्थानिय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित सर्तहरुमा फेरवदल गर्न सकिने छ ।

१७.अन्य कुनै बुदाँमा थपघट गर्न परेका दुवै पक्षको आपसी सम्झदारीमा गरिने छ ।
उपरोक्त वमोजिम कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्ने

## प्रथम पक्षको तर्फवाट

नाम थरः श्री

पदः प्र.प्र.अ.

दस्तखतः .............................

मितिः .................................

| साक्षी १ | साक्षी २ |
|---|---|
| नम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |

## दोस्रो पक्षको तर्फबाट

| कृषि समूहको समितिवाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि |
|---|
| नाम : |
| प्रतिनिधत्व गर्ने कृषक समूहको समितिको नाम |
| ठेगाना |
| दस्तखत : |
| संस्थाको छाप : |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |

**"रोज शुभम मिति २०...../...../...... गते"स**

## अनुसुचि ३

अनुसूची-३ सूचना प्रकाशनको ढाँचा

...........नगरपालिका नगर कार्यपालिकाको कार्यालय ............. प्रथम पटक प्रकाशन गरिएको मितिः २०../..../.... ......... नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ......... को आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत उत्कृष्ट कृषक सम्मान कार्यक्रममा समावेश हुन ईच्छुक कृषि फर्म/समूह/सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकामा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

आवश्यक कागजातहरु :

१. अनुसूची-३ बमोजिमको निवेदन

२. अनुसूची-४ बमोजिमकोव्यक्तिगत विवरण

३. वडा कार्यालयको सिफारिस पत्र

४. नागरिकताको प्रतिलिपि

५. जग्गाधनी वा लिजमा लिएको प्रमाण पत्र

६. कृषि फर्म/समूह/सहकारी दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपि

७. आफ्नो निवेदनलाई पुष्ट्याईं गर्न फोटा, भिडियो, आय व्यय विवरण, लेखापरीक्षण प्रतिवेदन, कुनै निकायले दिएको सम्मान आदी ।

...............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-४

कृषक सम्मान कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः २०...../..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
............. नगरपालिका ।

बिषयः कृषक सम्मान कार्यक्रममा सहभागी हुन पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................. गते प्रकाशन गरिएको सूचना अनुसार नगर प्रमुख उत्कृष्ट कृषक सम्मान प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न बिवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुला बुझाउला ।

संलग्न कागजातहरुः

१
२
३

निवेदक नाम थर :
ठेगाना :
मोवाइल नं :
दस्तखत

# अनुसूचि नं. ५

कृषक सम्मान कार्यक्रमका लागि व्यक्तिगत विवरण

१. कृषकको नाम :
२. कृषकको ठेगाना :
३.कार्यक्रममा सहभागी हुने कृषि फर्मे नामः
४. सञ्चालकको नागरीकता नं :
५. फर्म दर्ता नः
६. दर्ता भएको निकायः
७. पान नं. :
८. फर्मले ओगोटेको क्षेत्रफल :
९. पारिवारिक विवरण :
(क) वाजे वा ससुराको नाम : (ख) वावुको नाम :
(ग) श्रीमान,श्रीमतिको नाम :
१०.पशु पालनको विवरण :

| क..स. | पशु | गत वषर्का संख्या | हालको सख्या | वृद्दि | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

११.उत्पादन :

| क्र.स | उत्पादन | ईकाई | यस वर्षको उतपादन | वृद्दि | बजार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

१२. घाँस खेती

| क.स | घाँस | क्षेत्रफल | उत्पादन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

१३. वार्षिक आम्दानी :

| क्र.स | सेवा | आम्दानी |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१४. रोजगारी र कामदार :

| क्र.स | विवरण | घरेलु कामदार | ज्यामी कामदार | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१५. सेवा र संस्थागत पहुच

| क्र.स | पहुच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

१६. लगानी :

(क) चालु पुजी : (ख) स्थिर पुजी :

१७.ऋण :

| क्र.स | स्रोत | रकम | व्याज प्रतिशत |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१८.दक्षता :

| क्र.स | दक्षता | स्थिति | कैफियत |
|---|---|---|---|
| १ | बैदेशिक रोजगारी वाट फर्केको | हो वा होईन | |
| २ | नगरपालिकामा फर्म दर्ता वा सुचिकृत | छ छैन | |
| ३ | प्रविधिको उपयोग अनुसरण | भएको नभएको | |
| ४ | स्रोत साधनको प्रयोग | भएको नभएको | |
| ५ | प्रविधि विस्तारमा योगदान | गरेको नगरेको | |
| ६ | भकारो वा गोठ सुधार | भएको नभएको | |
| ७ | उत्पादन प्रतिफल रेर्कड | राखेको नराखेको | |
| ८ | कृषि समुह वा सहकारीको सदस्य | भएको नभएको | |
| ९ | स्थानिय स्थिरमा अनुभव आदन प्रदान | गरेको वा नगरेको | |
| १० | हाल सम्म पुरस्कार | प्राप्त भएको वा नभएको | |

## अनुसूची ६

सम्मान कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)

गाई/भैंसी पालन ५ माउ गाई

बाखा पालन २० माउ बाखा

पंक्षी पालन (स्थानीय जात कुखुरा १५ माँउ ,गिरिराज कुखुरा १०० ,कालिज २० माउ ,बट्टाई ५० माउँ)

बंगुर/सुंगुर पालन ५ माउ बंगुर

माछापालन ५ रोपनी

छनौटको मापदण्ड

| क्र.स | मापदण्ड | अङक भार | प्राप्त अङक भार | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानिय स्रोत साधनको स्थिति एवम सदुपयोग | २० | | |
| २ | सेवा र सस्थागत पहुँच | १० | | |
| ३ | व्यवसायमा उत्पादन स्थिति र दिगोपना | २० | | |
| ४ | आम्दानीको प्रतिफल | १० | | |
| ५ | आर्थिक लगानिको स्थिति | २० | | |
| ६ | व्यवसायिक दक्षता | २० | | |

छनौट कर्ताको नाम :

हस्ताक्षर :

## अनुसुची-७

## लागत प्रतिवद्धता-पत्र

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति ..........................गतेमा प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं. ............टोल................................ बाट श्री ......................................................................फर्म/कृषिसमूह/सहकारीको अध्यक्ष श्री............................................ ले व्यवसायिक कृषि उत्पादन बृद्दि गर्नका लागी ................................................................... कार्यक्रम संचालन गर्न इच्छुक भएकोले आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .............................को ..........प्रतिशतले हुन आउने रू......................................अक्षरूपी .........................................................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्न को प्रतिबद्धता जाहेर गर्दछु/छौ ।

निवेदक

दस्तखत

नामः

पदः

ठेगानाः

संस्थाको छाप

# अनुसुची-८

# कार्ययोजना

१.संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा | लाभग्राहीको तर्फबाट साझेदारी रकम रू. | स्थानीय तहको साझेदारी रकम रू. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

गौतम भण्डारी

प्रमुख प्रशासकिय अधिकृत